Nepali - April

# WHS अधिकार र कर्तव्यहरु

## के तपाईं फूड डेलिभर गर्नुहुन्छ?

अष्ट्रेलियामा, तपाईंलाई फूड डेलिभरीको **कामदारको** हकमा काममा रहँदा सुरक्षित हुने र सुरक्षित महसुस गर्ने अधिकार छ।



यदि तपाईं डेलिभरी सेवाहरु प्रदान गर्ने प्लेटफर्म (एप) वा/ र फूड/ ड्रिंक डेलिभर गरिने फूड आउटलेट (रेस्टुरेन्ट/ पसल) को लागि काम गर्नुहुन्छ भने तपाईं एक **कामदार** हुनुहुन्छ।

कामदारको रुपमा एउटा व्यवसायमा हुने कर्मचारी र कन्ट्राक्टरहरु (सेल्फ-इम्प्लोइड) समावेश हुन सक्छन्।

प्लेटफर्महरु (एपका मार्फत) र फूड आउटलेटहरु (रेस्टुरेन्ट/ पसलहरु) ले कामदारहरुको स्वास्थ्य र सुरक्षाको रक्षा गर्नुपर्दछ। यसको मतलब प्लेटफर्म र फूड आउटलेटहरुले तपाईंलाई क्षति गर्न सक्ने जोखिम र खतराहरु (खतरनाक परिस्थितिहरु) लाई व्यवस्थापन गर्नुपर्छ र तपाईं र अन्य कामदारहरुलाई सुरक्षित राख्नको लागि सक्दो काम गर्नुपर्छ।

कामदारको हकमा, तपाईंसँग तपाईंलाई काममा स्वास्थ्य र सुरक्षाको समस्याहरुमा प्रतिनिधित्व गर्न लागि स्वास्थ्य र सुरक्षाको प्रतिनिधि (Health and Safety Representative - HSR) राख्न अनुरोध गर्ने अधिकार छ। थप जान्नको लागि फूड आउटलेट वा प्लेटफर्मसँग कुरा गर्नुहोस् वा वर्क हेल्थ एण्ड सेफ्टी रेगुलेटरसँग निर्देशन लिनुहोस्।

आफुलाई पनि सुरक्षित रुपमा घर पुर्याउनुहोस्

कामदारको हैसियतमा तपाईंको आफ्नै सुरक्षाको र आफ्नो वरिपरिको व्यक्तिहरुको सुरक्षाको जिम्मेवारी पनि तपाईंमा छ।

फूड डेलिभरीको कामदारको हैसियतमा, तपाईंसँग अधिकार र कर्तव्यहरु दुबै छन् किनकि तपाईं **एकै समयमा कामदार र कन्ट्राक्टर (सेल्फ-इम्प्लोइड) दुबै** हुन सक्नुहुन्छ।



तपाईं तपाईंको आफ्नै डेलीभरी व्यवसाय व्यवस्थापन गर्नुहुन्छ भने तपाईं **सेल्फ-इम्प्लोइड** हो।

यदि तपाईं एक कन्ट्राक्टर (सेल्फ-इम्प्लोइड) र कामदार हुनुहुन्छ भने, प्लेटफर्म र फूड आउटलेटले तपाईंलाई सुरक्षित राख्नु पर्छ, तर तपाईंले काम गरिरहँदा तपाईं र तपाईं वरिपरिका अन्य व्यक्तिहरु, जस्तै पैदल यात्रीहरुलाई, जोगाउने साझा जिम्मेवारी तपाईंको पनि छ। तपाईं, प्लेटफर्म र फूड आउटलेटले एकअर्कासँग स्वास्थ्य र सुरक्षा बारे कुरा गर्नु महत्वपूर्ण छ। यसले तपाईंलाई डेलिभरीको कर्मचारीहरुले सामना गर्ने खतराहरुको प्रकार, स्वास्थ्य र सुरक्षाका जोखिमहरु कसरी व्यवस्थापन गरिन्छ, लिनु पर्ने एक्सनहरुको प्रकार र हरेक जोखिमको व्यस्वस्थापन गर्न कसलाई राख्दा उचित हुन्छ भनेर बुझ्न मद्दत गर्छ।

तपाईंले तपाईंको अधिकारक्षेत्रको WHS रेगुलेटरलाई वर्क हेल्थ र सेफ्टी सरोकारका विषयमा सम्पर्क गर्नसक्नुहुन्छ।

*यो विषयवस्तु कार्य स्वास्थ्य र सुरक्षाको बारेमा सामान्य सचेतना सुधार गर्न प्रदान गरिएको हो र कानुनी सल्लाह बन्न वा तपाईंको राज्य वा क्षेत्रको कार्य स्वास्थ्य र सुरक्षाको कानुन अन्तर्गतको आवश्यकताहरुलाई प्रतिस्थापन गर्न लक्षित छैन।*

**सबैभन्दा बहुमुल्य प्याकेज तपाईं हो,**
काममा सुरक्षित रहने बारे जानकारी यता पाउनुहोस्:
**SWA.GOV.AU/DELIVERSAFELY**

safe work australia